जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २४० २०८१ साल बैशाख १८ गते मंगलबार (30 Apr. 2024 Tuesday) मूल्य रु. ५/-

सामाजिक संजालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : लगानी सम्मेलनको अपेक्षा र.. ३ पृष्ठमा : धनुषामा पानीको अभाव भएपछि ... ३ पृष्ठमा चीनले विद्यालयमा दुर्व्यवहार...

## एकल महिला संगठित हुँदै, स्वरोजगार बनाउने प्रयासको थालनी




**दैनिक समाचारदाता**
**राजविराज, १७ बैशाख ।**

एकल महिलाको उत्थानका लागी सप्तरीस्थित एकल महिला आत्मनिर्भरता तथा पुर्नस्थापना केन्द्र सप्तरीले सशक्तीकरण अभियान चलाएको छ ।

अभियान अन्तर्गत वडा वडामा पुगी एकल महिलालाइ संगठित बनाउने र त्यस पश्चात उनीहरुलाई सीपमुलक तालिम प्रदान गरी स्वरोजगार बनाउने प्रयास थालिएको हो ।

जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिकाबाट सूरु भएको अभियान क्रमश: जिल्लाको १८ वटै पालिकामा पुऱ्याउने लक्ष्य रहेको एक महिला आत्मनिर्भरता तथा पुर्नस्थापना केन्द्र सप्तरीकी प्रमुख जुही ठाकुरले बताईन ।

यसै क्रममा सोमवार हनुमाननगर कंकालिनी नगरपालिकाको वडा नम्बर २ जोगिनियाँ र वडा नम्बर १४ रम्पुरामल्हनियाँमा एक महिला वडा समिति गठन गरिएको छ ।

यस अघि सोही नगरपालिकाको वडा ५ र ६ मा पनि एकल महिला वडा समितिको गठन गरी आवश्यक सीपमुलक तालिम प्रदान गर्ने काम भईरहेको अध्यक्ष ठाकुरले बताईन ।

कमाई गर्ने श्रीमान वितेपछि कस्टकर जीवन बिताईरहेका एकल महिलामा पनि विशेष गरी ज्येष्ठ एकल महिलालाई घरव्यवहार चलाउन, खर्च जोहो गर्न र बालबालिकाको आवश्यक्ता पुरा गर्न समस्या भइरहेकोले यस्ता महिलाहरुलाई संगठित गरी सशक्तीकरणको क्षेत्रमा संस्थाले सीपमुलक तालिम प्रदान गर्दै जीवन सहज बनाउने प्रयास गरेको उनको भनाई छ ।

वडास्तरबाटै संस्थाले थालेको गतिविधीले आफुलाई थोरै भएपनि राहत महशुस भएको हनुमाननगर कंकालिनी नगरपालिका १४ रम्पुरामल्हनीयाकी ३० वर्षिया सावित्री देवी सदाले बताईन ।

तीन वर्ष अघि श्रीमान गुमाएकी उनले घरमा कोही नभएपछि जीवन कस्टकर बनेको वेला केन्द्रले चलाएको अभियानमा सहभागी भएपछि आत्मबल बढेको बताइने । श्रीमानको मृत्यु पछि बेरोजगार रहेका हामी जस्ता महिलालाई आर्थिक कठिनाईले सताएको बेला संस्थाले चलाएको अभियानले हौसला प्रदान गरेको उनको भनाई छ ।

एकल महिला सशक्तीकरणका लागी केन्द्रले वडा समिति गठन देखि तालिम, गोष्ठी, पशुपालन, खेतीपाती लगायतको क्षेत्र समेटि गतिविधी सूरु गरेको संस्थाले जनाएको छ ।

## पूर्वमन्त्री यादवद्वारा समवेदना व्यक्त



**दैनिक समाचारदाता**
**राजविराज, १७ बैशाख ।**

प्रेस सेन्टर सप्तरीका अध्यक्ष दिनानाथ यादवका पिताको निधनमा मधेस प्रदेशका पूर्व शिक्षा मन्त्रि महेश प्रसाद यादवले समवेदना व्यक्त गरेका छन् ।

सप्तरीको तिरहुत गाउँपालिका ५ लोहजारा निवासी नेपाल पत्रकार महासंघ शाखा सप्तरीका कार्यसमिति सदस्य समेत रहेका पत्रकार यादवका पीता डम्बरनारायण झखरैत यादवको

*बाँकी अन्तिम पृष्ठमा*

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

Wisdom School
Rajbiraj 2, (Near Rajdevi Mandir)
**Play Group to Class 9**
**"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"**

**हाम्रो विशेषताहरु**

- दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ ।
- कम्प्युटर ल्याबको व्यवस्था भएको ।
- विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
- CC Camera को निगरानीमा पठनपाठन गराइन्छ ।
- Monthly Test को व्यवस्था भएको ।

**सम्पर्क फोन नं. ०३१-५९०१९२**
**मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)**
**मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१**

## जेसीजद्वारा बृक्षारोपनका साथै भित्तेपात्रो विमोचन




**दैनिक समाचारदाता**
**राजविराज, १७ बैशाख ।**

राजविराज जेसिजले वातावरण संरक्षण तथा जेसिज अभियानलाई समाजमा स्थापित गर्ने उद्देश्यले वृक्षारोपण गरेको छ ।

जेसिजको कार्यालय परिसरमै सोमबार आयोजित कार्यक्रममा बृक्षारोपनका साथै भित्तेपात्रो विमोचन समेत गरिएको छ ।

संयोजक सौरभ सिंहको संयोजनमा बृक्षरोपन कार्यक्रम पश्चात् राजविराज जेसीजले २०८१ सालको भित्तेपात्रो विमोचन गरेको हो ।

राजविराज जेसीज वर्ष २०२४ का अध्यक्ष विप्लव आनन्द, पूर्व अध्यक्षहरू तथा राजविराज जेसीज २०२४ का कार्यसमितिद्वारा सामूहिक रुपमा भित्तेपात्रो विमोचन गरिएको थियो ।

अध्यक्ष जेसी विप्लव आनन्दले जेसीजको मूलमन्त्र अनुसार नेतृत्व र व्यक्तित्व अनुसार आफूलाई अग्रसर बनाउनुपर्नेमा जोड दिए ।

यस्तै वर्ष २०१३ का अध्यक्ष मनोहर पोखरेलले युवाहरूको नेतृत्व र क्षमता विकासको लागि जेसिजको भुमिका महत्वपूर्ण रहेको भन्दै राजविराज जेसीजको संस्थागत विकासको लागि यस किसिमका कार्यक्रमले जेसीजको बारेमा युवाहरूलाई अकार्षित गर्ने बताए ।

उनले वर्तमान विश्व जलवायु परिवर्तनको समस्यालाई लिएर चिन्तित बनिरहेको बेला वृक्षारोपण कार्यले कार्बनडाइअक्साइड उत्सर्जन रोक्न मद्दत पुग्ने तर्क दिए ।

महासचिव पंकज कुमार देवद्वारा सञ्चालित कार्यक्रममा जेसीआई राजविराजका पूर्वअध्यक्ष, जेसीआई राजविराज २०२४ का कार्यसमिति सदस्यहरूको उपस्थिति रहेको थियो ।

लोकतन्त्रको उपलब्धिको रक्षा गरौं

- विधिको शासन
- नागरिक स्वतन्त्रताको संरक्षण
- सूचनाको हक
- संवैधानिक सरकार
- आवधिक निर्वाचन
- समावेशी सहभागिताको सुनिश्चितता
- बालिग मताधिकार
- अभिव्यक्ति स्वतन्त्रता
- न्यायिक स्वतन्त्रता

लोकतन्त्रका यी विशेषतालाई सबैले अवलम्बन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

# खुल्ला स्थानमै शौच बानी की बाध्यता !

घर घरमा चर्पीको व्यवस्था हुँदा पनि मानिसहरु खुल्ला स्थानमै शौच गर्ने गरेका छन् । मानिसहरु खुल्ला क्षेत्रमै दिसा, पिसाब गरिरहेका छन् । तर, सम्बन्धीत निकाय मुकदर्शन बनेको छ । सदरमुकाम राजविराजमा अहिले पनि पूर्ण रुपमा शौचालय छैन् । हाल पाँच वटा शौचालय रहेपनि दुई वटा संचालनमा छैन् । एउटा हटियामा अवस्थित छ त्यो आम जनताको पहुँच भन्दा टाढा छ । उक्त शौचालय हाट बजार गर्न आउने व्यक्ति भन्दा पनि हाट बजार लगाउने व्यापारीहरुले प्रयोग गर्छन् ।

यसरी मुख्य चौकमा शौचालय नहुँदा सर्वसाधारण मानिसलाई दिसा, पिसाब गर्न निकै कठिनाई हुने गरेको छ । जसकारण उनीहरु खाली स्थानमै दिसा, पिसाब गर्न बाध्य हुन्छ । कुनै लाज र कुनै संकोच बेगरै उनीहरु खुल्ला स्थानमा शौच र पिसाब गर्ने बानी नै बसाली सकेका छन् । सहर सुन्दर, सफा, व्यवस्थित तथा जनताको काम सरल र सुलभ तरिकाबाट कसरी हुने बारे कसैलाई चासो छैन् । पालिका भित्रका सडकहरु शौचालयमा परिणत भइरहेको छ ।

मानिसहरुको खुल्ला स्थानमा शौच गर्ने बानी भइसकेको हो की बाध्यता अहिले छुट्याउनै गाह्रे भएको छ । तसर्थ शौचालयको निर्माण गर्नेतर्फ स्थानिय पालिकाले ध्यान दिनु पर्ने आवश्यक छ ।


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**

**Dr. Santosh Prasad Sah**

MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)

NMC Reg. No. : 15019

**कन्सलटेन्ट फिजिसियन**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# लगानी सम्मेलनको अपेक्षा र भावी गन्तव्य

**डा गोविन्दराज पोखरेल**

काठमाडौँ, १७ वैशाख ( रासस) ।

समाजवादोन्मुख अर्थतन्त्रको विकासका लागि गतिशील बजार चाहिन्छ, जसका लागि ठूलोमात्रामा लगानीको आवश्यकता छ । आन्तरिक स्रोतबाट मात्रै लगानी जुट्न नसक्ने हुँदा विदेशी लगानी आकर्षित गर्न र स्वदेशी लगानीलाई प्रोत्साहन गर्न लगानी सम्मेलनको आयोजना गर्ने गरिन्छ । गोरखा भूकम्प, कोभिडपछि लगानीकर्ताको जोखिम बहन क्षमतामा ह्रास आएको छ भने विश्वमा आएको आर्थिक मन्दीको असर हाम्रोजस्तो मुलुकमा बढी नै परेको सन्दर्भमा बाह्य लगानीको ठूलो महत्व र आवश्यकता रहेको छ । यसै सन्दर्भमा यसपटक सरकारले तेस्रो लगानी सम्मेलनको आयोजना गरेको छ ।

यसअघि पनि विभिन्न समयमा यस किसिमका सम्मेलनहरु आयोजना गरेको थियो । तर लगानीकर्ताहरुका लागि उपयुक्त नीतिगत व्यवस्था, प्रकृयागत, संरचनागत र सरकार प्रति विश्वासको वातावरण बन्न नसक्दा ती सम्मेलनहरुमा व्यक्त प्रतिवद्धताअनुसार लगानी हुन सकेनन् । यसअघिका सम्मेलनमा भएका प्रयास, प्रतिबद्धता, कार्यान्वयनमा सरकारका प्रयास र सहजीकरण के-कस्ता रहे भन्ने विश्लेषण गर्न पनि यसपटकको सम्म्मेलन उपयुक्त थलो बन्न सक्दछ । प्रतिबद्धता गरिएकामध्ये कुन परियोजनाको लगानी प्राप्ति भयो ? अथवा कुन परियोजनामा प्रतिबद्धताअनुसार प्राप्ति भएन र किन भनेर गहन विश्लेषण आवश्यक छ ।

मुलुकमा स्वदेशी तथा विदेशी लगानी भित्र्याएर आर्थिक समुन्नति हासिल गर्ने उद्देश्यका साथ आयोजना गरिएको सम्मेलनमा विभिन्न क्षेत्रका करिब एक सय ५० परियोजना प्रस्तुत गरिएको छ । पर्याप्त पूँजी, प्रविधि तथा मानव संशाधनका लागि सरकार र निजी क्षेत्रका साथै बाह्य लगानी आवश्यक भएकाले देशको समग्र विकासमा योगदान गर्ने ठानिएका ती परियोजना सम्मेलनमा प्रस्तुत हुनु सकारात्मक मान्न सकिन्छ । तर यतिमै सन्तुष्ट हुने अवस्था भने छैन । किनकी ती परियोजनाहरु प्रस्तुत गर्नका लागि मात्रै रहे भने त्यसले कुनै परिणाम दिन सक्दैनन्, लगानीकर्ताले लगानी गर्नका लागि सम्भाव्य खालका छन् कि छैनन् भन्ने कुरा सम्मेलनपछि देखिने परिणामबाट मूल्याङ्कन हुने नै छ ।

'इमर्जिङ नेपाल इन्भेष्टमेन्ट समिट-२०२४' नाम दिइएको यस सम्मेलनमा करिब आठ सय विदेशी र चार सय नेपाली लगानीकर्ताले सहभागिता जनाउनु आफैँमा पनि उपलब्धिमूलक हो । अध्यादेशमार्फत कानुनी सुधार गरेर विदेशी तथा स्वदेशी लगानीकर्तालाई समावेस गरेको कारण सम्मेलनमार्फत नेपाल लगानीका लागि आकर्षक गन्तव्यका रूपमा रहेको सन्देश पुगेको छ । नेपालमा यसअघि कतारका अमिर शेख तमिम विन हमाद अल थानी र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसको भ्रमण जस्तै सम्मेलनमा पनि विशिष्ट व्यक्ति आउने माहोल बनाउन सकेमा पनि विश्वमा थप राम्रो सन्देश जानेछ । यस्ता भ्रमणले लगानीमैत्री वातावरण बनाउन सहयोग पुग्नेछ ।

लगानीको वातावरणको सूचना विश्वसामु प्रवाह गर्दा अपेक्षित भन्दा निकै ठूलो लगानीको प्रतिबद्धता आउने तर लगानी गर्न भने तत्परता नदेखाउने अवस्था रहेको छ । विगतका कमजोरीहरुबाट सिकेर पर्याप्त गृहकार्य नगरी सम्मेलनहरु आयोजना गर्दा केबल औपचारिकतामा मात्र सीमित हुने र ठोस परिणाम ननिस्कने अवस्था रहन्छ । यद्यपि यसपटकको सम्मेलनबाट विश्वमा सकारात्मक माहोल प्रवाह भएको छ । यसले लगानीमैत्री वातावरण बनाउनुका साथै विश्वको ध्यान नेपालमा खिच्न समेत सहयोग पुग्ने विश्वास गरिएको छ । सम्मेलनले तत्कालै परिणाम दिने पनि होइन । अहिले लगानीको सम्भावना र अवसर देखाउने हो । लगानीकर्तालाई नेपालबारे बुझाउने र लगानीका लागि आकर्षित गर्ने हो, यसको नतिजा दीर्घकालमा देखिन्छ ।

जे होस् सम्मेलनको आयोजनाले नेपाल लगानी बढाउन आतुर छ भन्ने सन्देश गएको छ, राजनीतिक र सबै हिबासले लगानी भित्र्याउन चाहन्छ भन्ने देखिएको छ । सरकारको तत्परता राम्रो छ, यो गतिलाई थप बलियो बनाउनुपर्छ, यसले नेपालका तर्फबाट विश्वमा सकारात्मक माहोल प्रवाह हुन्छ, लगानीमैत्री वातावरण बनाउन सहयोग पुग्छ । लगानी सम्मेलन गरेर लगानी आकर्षित गरी रोजगारीका अवसर सिर्जना गर्न खोज्नु राम्रो कुरा हो । राष्ट्रिय हित हुने गरी दीर्घकालीन सोच राखेर राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक र नकारात्मक प्रभाव पार्ने आँकलन गरेर उचित निर्णय गरी सबै क्षेत्रमा लगानी गर्नुपर्छ । पर्यटन, कृषि, जडीबुटी, जलविद्युत्का साथै व्यक्तिको क्षमतामा विकास गर्नेमा पनि लगानी गर्नुपर्ने देखिन्छ । सडक र हवाई पुर्वाधार, ग्रिन हाइड्रोजन, कृषि र सूचना प्रविधि, जडिबुटी र खनिज पदार्थ पनि महत्वपूर्ण क्षेत्र हुन सक्छन् ।

वैदेशिक लगानीकर्ताको मनोबल जित्न भने त्यति सजिलो छैन । मुलुकको आर्थिक विकास गर्नको लागि ठूलो मात्रामा वैदेशिक लगानी भित्राउने उद्देश्य राखी आयोजना गरिने यस्ता सम्मेलनबाट विदेशी ठूला लगानीकर्ता, अन्तर्राष्ट्रिय निकायका प्रतिनिधिहरू, स्वदेशी लगानीकर्ता, विज्ञ र सरोकारवालालाई मुलुकमा लगानीको लागि आग्रह गरिरहँदा उनीहरुको अपेक्षाहरुलाई पनि बुझ्न जरुरी हुन्छ । सम्मेलनले द्रुत गतिमा आर्थिक विकास गर्ने, वैदेशिक मुद्रा भित्राउने, रोजगारी सिर्जना गर्ने, सरकारको आयलाई बढोत्तरी गर्ने उपयुक्त अवसर प्रदान गर्दछ । दैनिक १६-४० वर्ष उमेर समूहका व्यक्ति अध्ययन तथा रोजगारीको सिलसिलामा विदेश गइरहेका छन् । बढीभन्दा बढी लगानी आकर्षित गरी विभिन्न आयोजनाहरु कार्यान्वयन गर्न सकिए देशमा रोजगारीको वातावरण सिर्जना हुनेछ र कामकै लागि दिनहुँ हजारौँको सङ्ख्यामा युवा विदेश भौँतारिनुपर्ने अवस्था हुँदैन ।

लगानीका लागि भौतिक सुरक्षा पहिलो र महत्वपूर्ण विषय हो । मुनाफा हुने किसिमको आर्थिक वातावरण, कर र वित्तीय प्रणाली पश्चगामी हुँदैनन् भन्ने सुनिश्चित गराउनुपर्ने हुन्छ । सम्मेलनको पूर्वसन्ध्यामा सरकारले झन्डै एक दर्जन कानुन अध्यादेशमार्फत संशोधन गरेको छ । अझै आवश्यक कानुन बनाउन सकिएको छै । अन्तिम समयमा आएर अध्यादेशमार्फत कानुन बनाउनुभन्दा पहिले नै संसदबाटै सहमतिमा कानुनहरू बनाएको भए नेपालमा राजनीतिक अस्थिरता छैन भन्ने स्पष्ट सन्देश जाने थियो । यसअघिको सन २०१९ को

*बाँकी तीन पृष्ठमा*


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**

**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

# धनुषामा पानीको अभाव भएपछि दमकलले पानी वितरण गरिँदै

धनुषा, १७ वैशाख (रासस)।

धनुषाको क्षीरेश्वरनाथ नगरपालिकामा पानीको अभाव भएपछि दमकलबाट पानी वितरण गर्न थालिएको छ। अत्यधिक गर्मीका कारण पानीको स्रोतको रुपमा रहेका चापाकल र अन्य पानीका स्रोत सुकेपछि दमकलले पानी वितरण गर्न थालिएको प्रमुख सुखदेव यादवले जानकारी दिनुभयो।

प्रमुख यादवले नगरपालिकाको उत्तरी क्षेत्रमा पर्ने वडा नं ७ को हरिहरपुर, दुर्गाटोल र वडा नं ८ को दिगम्बरपुर गाउँमा पानी स्रोत सुकेको बताउनुभयो। ती दुवै गाउँमा रहेको चापाकल सुकेर पानीको अभाव भएको छ। चापाकलमा पानी आउन बन्द भएका गाउँका बासिन्दालाई विगत एक सातादेखि बारुणयन्त्रको मद्दतले खानेपानी उपलब्ध गराइरहेको उहाँले राससलाई जानकारी दिनुभयो।

नगरपालिकासँग खानेपानी टयाङ्कर नभएकाले पानी वितरणका लागि बारुणयन्त्रलाई उपयोगमा ल्याइएको बताउँदै प्रमुख यादवले साँझ, बिहान र आवश्यकता अनुसार पानी उपलब्ध गराइरहेको बताउनुभयो। उहाँले पानीको दीर्घकालीन समस्या समाधानमा समेत नगरपालिका जुटेको सुनाउनुभयो।

प्रमुख यादवले भन्नुभयो, "हरिहरपुर दुर्गाटोलस्थित महादेव मन्दिर नजिक बिग्रेको अवस्थामा रहेको डिप टयुबेल सञ्चालनमा ल्याउन मर्मत सम्भारको काम भइरहेको छ। त्यसलगायत सोही बस्तीमा रु बीस लाखको लागतमा एक थान नयाँ डिप टयुबेल र तीन वटा इनार खन्ने योजना बनाएर काम भइरहेको छ।"

त्यसैगरी, दिगम्बरपुरमा पनि खानेपानीको समस्या समाधान गर्न त्यहाँ रहेको खानेपानी योजना सञ्चालनमा ल्याउने काम भइरहेको प्रमुख यादवको भनाइ छ। दिगम्बरपुरमा पनि रु २० लाखको लागतमा नयाँ डिप टयुबेल र चार वटा नयाँ इनार खन्न बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो।

हरिहरपुरका युवा विनोद यादवले जमिनमुनि पानीको जलस्तर तलहुँदै गएकाले पानीका

*बाँकी अन्तिम पृष्ठमा*

### *लगानी सम्मेलनको ...*

लगानी सम्मेलनमा गरिएका कानुन संशोधनका बाचा पनि समयमै पूरा गरेको सन्देश जाने थियो। मुलुकमा लगानीमैत्री वातावरण बनाउन कतिपय नयाँ ऐन नै ल्याउनु पर्नेछ। संसदमा गएका ऐनहरू सबै दलले सर्वसम्मत रुपमा पास हुन पर्ने हुन्छ। सार्वजनिक-निजी साझेदारीमा वैदेशिक लगानी ल्याउने हो भने सार्वजनिक खरिद ऐन लागू हुन्छ भने सार्वजनिक- निजी साझेदारीका ऐनका कतिपय प्रावधान मिलाउनुपर्ने हुन्छ।

विश्वका लगानकर्ताहरुलाई नेपालमा लगानीको अवसर, लगानी प्रवर्द्धनका लागि सरकारले लिएका नीतिगत तथा कानुनी प्रयासबारे जानकारी गराउने अवसर पनि हो। नेपाल लगानीको लागि उत्कृष्ट गन्तव्य रहेको सन्देश दिने अवसरको रुपमा उपयोग गर्नुपर्छ। लगानी सम्मेलनले मुलुकलाई समृद्ध बनाउन ढोका खुल्ला गर्ने अपेक्षा गरिएसँगै नेपाल लगानीको लागि उपयुक्त थलो बनेको सन्देश दिन सक्नुपर्छ। विगतका लगानी सम्मेलनमा भएका उपलब्धिहरुलाई अझ सुदृढ गर्दै त्यसको पतिफललाई अझ बढी प्रभावकारी कार्यान्वयनमा लैजान सकिने परियोजनाहरुबारे छलफल गरेर टुङ्गोमा पुऱ्याउन सम्मेलन आयोजना गरिएको हो। सरकारले आयोजना गरेको लगानी सम्मेलनबाट स्वदेशी निजी क्षेत्रसमेत उत्साहित बनेको छ। सम्मेलन सरकारको मात्रै नभएर राज्यको भविष्य र समृद्धिसँग जोडिएको हुँदा सबै राजनीतिक पार्टीहरुको समान अवसर र सहभागिताको रुपमा लिनु पर्दछ।

लगानीका लागि प्राथमिकताका क्षेत्र पहिचानमा उत्तिकै जिम्मेवार हुन जरुरी छ। लगानीकर्ताको चाहनासँगै हाम्रा प्राथमिकताहरु पनि सँगसँगै जोडेर लैजान सके मात्रै परिणाममुखी हुन सक्छ। हामीले निर्धारण गरेका प्राथमिकताका क्षेत्रमा लगानीकर्ता कति इच्छुक छन्, कति विश्वस्त छन् र उनीहरू प्रतिबद्धताअनुसार लगानी गर्न चाहिरहेका छन् वा छैनन् भन्ने स्पष्ट जानकारी राखेर मात्रै अगाडि बढ्नुपर्ने हुन्छ। ठूला आयोजना सञ्चालनमा लागि लगानी बोर्डको क्षमता बढाउनु पर्नेछ। एकद्वार प्रणालीलाई साँच्चै व्यवहारमा लागू गर्नुपर्छ।

नेपालको विकासका लागि अनगिन्ती क्षेत्र र सम्भावना छन्। त्यसमध्ये प्राकृतिक स्रोतका रूपमा जलस्रोत हो भने अर्को पर्यटन क्षेत्र हो। कृषि क्षेत्र पनि वैदेशिक लगानीका लागि आकर्षक क्षेत्रका रूपमा स्थापित हुँदै गएको छ। समग्रमा कर, प्रकृयागत समस्या, सहजीकरणका संरचनाको क्षमता, सुरक्षा, लगानी विस्तारका सम्भावना, राजनीतिक स्थिरता र समाजको वैदेशिक लागानी प्रतिको धारण, दक्ष जनशक्तिको उपलब्धता आदि लगानीकर्ताका रूचीका विषय हुन्, जसमा हाम्रो ध्यान हुन जरूरी छ लगानी ल्याउनका लागि। *(राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष लेखक पोखरेलसँग राससका लागि कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित)*

# जसपाको राष्ट्रिय महाधिवेशन प्रतिनिधि निर्वाचन निर्देशिका पारित

काठमाडौं, १७ वैशाख (रासस)।

जनता समाजवादी पार्टी (जसपा) नेपालको प्रथम राष्ट्रिय महाधिवेशन प्रतिनिधि निर्वाचन निर्देशिका पारित भएको छ।

पार्टी केन्द्रीय कार्यालय बालकुमारीमा हालै बसेको बैठकले विभिन्न पार्टीको तहगत समिति, निकाय, भ्रातृ सङ्गठन, पेसागत सङ्घ सङ्गठनबाट प्रतिनिधि निर्वाचन गर्ने निर्देशिका पारित गरेको सो पार्टीका प्रचारप्रसार तथा प्रकाशन विभाग प्रमुख पूर्ण बस्नेतले राससलाई जानकारी दिनुभयो।

उहाँका अनुसार निर्देशिकाले राष्ट्रिय महाधिवेशनको प्रतिनिधि निर्वाचित गर्दा कम्तीमा एक तिहाई महिलासहित विविधता प्रतिविम्बित हुने गरी विभिन्न जातिय/सामाजिक समूहबाट समावेशी हुने गरी निर्वाचन गर्ने प्रावधान राखेको छ।

यसैगरी स्वच्छ, निष्पक्ष तथा पारदर्शी ढङ्गले प्रतिनिधि निर्वाचन गराउन आवश्यकता अनुसार केन्द्रीय निर्वाचन तदर्थ समिति र प्रदेशमा प्रदेश निर्वाचन तदर्थ समिति गठन गरिने भएको सो पार्टीले जनाएको छ।

प्रतिनिधि छनोट भएपछि आगामी जेठ १५ गतेसम्म सङ्गठन विभागले अभिलेखीकरण गर्ने र केन्द्रीय निर्वाचन समितिले अन्तिम नामावली सूची प्रकाशन गर्ने बस्नेतले बताउनुभयो। सो पार्टीको महाधिवेशन आउँदो जेठ २० देखि ३० गतेसम्म सञ्चालन हुने जनाइएको छ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**महादेवा गाउँपालिका, सप्तरी**


## विश्व समाचार

### चीनले विद्यालयमा दुर्व्यवहारविरुद्ध अभियान सुरु गर्ने

बेइजिङ, १७ वैशाख (रासस/सिन्ह्वा)।

प्राथमिक, माध्यमिक विद्यालय र किन्डरगार्टेनहरूमा विद्यार्थीहरूको सुरक्षा सुनिश्चित गर्न व्यापक प्रयासहरूबीच चीनमा राष्ट्रव्यापी दुर्व्यवहारविरोधी अभियान सुरु गरिने अधिकारीहरूले बताएका छन्।

शिक्षा तथा सार्वजनिक सुरक्षा मन्त्रालयका साथै अग्नि तथा उद्धार प्रशासनको संयुक्त बैठकले सबै प्राथमिक र माध्यमिक विद्यालयमा दुर्व्यवहारका घटनामा केन्द्रित भएर बृहत् अनुसन्धान गरिने जनाएको छ। बैठकले जवाफदेहिता प्रणालीमा सुधारका लागि पहल गर्नुका साथै कानूनको शासनबारे शिक्षक, विद्यार्थी र अभिभावकलाई शिक्षित गराउनु पर्नेमा जोड दिएको थियो।

बैठकले विद्यार्थीहरूको मानसिक स्वास्थ्य अनुगमनमा सुधार गर्नुपर्ने आवश्यकतालाई जोड दिँदै विद्यार्थीहरूलाई अनिवार्य शिक्षामा गृहकार्य र विद्यालयबाहिरको ट्युटरिङको अत्यधिक बोझलाई कम गर्न ठोस कदम चाल्न आह्वान गरेको छ।

विशेषगरी ग्रामीण तथा आवासीय विद्यालयमा विद्यालय भवनको सुरक्षा, आगलागी रोकथाम र खाद्य सुरक्षालाई सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्ने गरी सुरक्षा उपायहरू सुधार गर्न प्रयास गरिने बैठकले जनाएको छ।

### केन्यामा बाँध फुटेपछि कम्तीमा ४२ को मृत्यु

माई महिउ, १६ वैशाख (रासस/एएफपी)।

केन्याको राजधानी नैरोबीको उत्तरमा रहेको एउटा सहरमा बाँध फुट्दा कम्तीमा ४२ जनाको मृत्यु भएको स्थानीय गभर्नरले सोमबार एएफपीलाई बताउनुभएको छ। पूर्वी अफ्रिकी देश केन्याले भारी वर्षा र बाढीको सामना गरिरहेको छ।

बाँध फुट्दा ४२ जनाको मृत्यु भएको अस्पष्ट अनुमान गरिएको छ, अहिले पनि धेरै मानिस माटोमा छन्, हामी पुनःप्राप्तिका लागि काम गरिरहेका छौं", नाकुरु काउन्टीका गभर्नर सुसान किहिकाले भन्नुभयो।

माई महिउको रिफ्ट भ्याली सहर नजिकैको बाँध फुटेर घर तथा सडकलाई बगाएको छ। यसअघि अधिकारीहरूले केन्यामा मार्चयता ७६ जनाले ज्यान गुमाएको जानकारी दिएका थिए। सामान्यभन्दा भारी वर्षाले पूर्वी अफ्रिकामा एल निनो मौसमको ढाँचाले जटिल बनाएको थियो।

सन् २०१८ मेमा भीषण वर्षा र बाढीको बेला नाकुरु काउन्टीको सोलाईमा पनि बाँध फुट्दा दर्जनौं व्यक्तिको मृत्यु भएको थियो।

### श्रीलङ्कामा सन् २०२० देखि मृत्युदरमा वृद्धि र जन्मदरमा कमी

कोलम्बो, वैशाख १७ (रासस/सिन्ह्वा)।

श्रीलङ्का रजिस्ट्रार जनरल विभागका एक वरिष्ठ अधिकारीले श्रीलङ्कामा सन् २०२० देखि वार्षिक जन्मदरमा उल्लेखनीय गिरावट आएको र वार्षिक मृत्युदर बढेको बताउनुभएको छ।

वरिष्ठ डेपुटी रजिस्ट्रार जनरल, महान्यायाधिवक्ता लक्षिका गणपोलाले सन् २०२० अघि वार्षिक जन्मदर तीन लाख २५ हजार रहेको तर हाल सन् २०२३ मा घटेर दुई लाख ८० हजार पुगेको जानकारी दिनुभयो।

उहाँले वार्षिक मृत्यु बढेर एक लाख ८० हजार पुगेको बताउनुभयो। सन् २०२० अघि यो सङ्ख्या एक लाख ४० हजार थियो। यो प्रवृत्तिले श्रीलङ्काको जनसङ्ख्या वृद्धिमा प्रतिकूल असर पार्ने उहाँले बताउनुभयो।

### श्रीलङ्काद्वारा ब्रिक्समा सामेल हुने आशा व्यक्त

कोलम्बो, वैशाख १७ (रासस/सिन्ह्वा)।

रुसका लागि श्रीलङ्काका राजदूत जनिता अबेविक्रमा लियानागेले निकट भविष्यमा ब्रिक्समा सामेल हुने आशा राखेको बताउनुभएको छ।

रुसको सेन्ट पिटर्सबर्गमा सुरक्षा मामिलाका लागि जिम्मेवार उच्च प्रतिनिधिहरूको भर्खरै भएको अन्तर्राष्ट्रिय बैठकमा श्रीलङ्काको सहभागितापछि उहाँले उक्त टिप्पणी गर्नुभएको हो। राजदूत लियानागेले श्रीलङ्काले ब्रिक्समा सामेल भएर यातायात र खाद्य सुरक्षामा धेरै फाइदा लिन सक्ने बताउनुभयो।

ब्रिक्स एउटा उदीयमान बजार सहकारी संयन्त्रको संक्षिप्त रूप हो। यसमा प्रारम्भमा ब्राजिल, रुस, भारत, चीन र दक्षिण अफ्रिका समावेश थिए।

जनवरी १ मा साउदी अरेबिया, इजिप्ट, संयुक्त अरब इमिरेट्स, इरान र इथियोपिया ब्रिक्समा सामेल भएपछि हाल यसको सदस्य सङ्ख्या पाँचबाट बढेर १० पुगेको छ।

# दुई दशकदेखि अलपत्र खानेपानी आयोजनामा छिट्टै संचालनमा आउने



**दैनिक समाचारदाता**
**राजविराज, १७ बैशाख ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका ३ सखडामा २३ बर्ष अघि खानेपानी आयोजनाको काम थालिएकोमा अझै उक्त आयोजना संचालनमा आउन सकेको छैन् ।

उक्त आयोजनाको उपभोक्ता समिति र खानेपानी कार्यालयले यसलाई संचालनमा ल्याउन गम्भीरता नदेखाएपछि छिन्नमस्ता गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरी उक्त आयोजना शिघ्र संचालनमा ल्याउन सक्रिय देखिएका छन् ।

उक्त आयोजनालाई सुचारु गर्न वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको डेढ करोड रुपैयाँको लागतमा काम सुरु गरिएको अध्यक्ष चौधरीले जानकारी दिए ।

'उपभोक्ता समिति तथा खानेपानी कार्यालयलाई पटकपटक ताकेता गरेपनि गम्भीरता नदेखाएपछि वैकल्पिक बाटो खोजें,' उनले भने, 'वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग समन्वय गरि साझेदारीमा काम सुरु गरिसकेका छौं, अब छिट्टै स्थानीयवासीले शुद्ध पानी पिउन सक्नेछन् ।'

उनले प्रवर्द्धन केन्द्रको प्राविधिकसहितको निर्माण टोलीले फिल्डमा आएर डाटा संकलन, पाइपिङ लाइनिङ सहितको काम सुरु गरिसकेको बताए ।

यसको पहिलो चरणमा सखडाका व्यापारी, सरकारी कार्यालय, प्रहरी चौकी र सखडा टोलको स्थानीयवासीहरुको घरमा पानी पुर्‍याउने योजना रहेको अध्यक्ष चौधरीले जानकारी दिए । त्यसपछि गोविन्दपुर र महुआ टोलवासीसम्म समेत सेवा विस्तार गर्दै लगिने उनले जानकारी दिए ।

# तीन वर्षीया बालिका हत्या अभियोगमा आमाछोरी पक्राउ

**दैनिक समाचारदाता**
**सिराहा, १७ वैशाख ।**

सिरहामा तीन वर्षिया बालिकाको हत्या अभियोगमा प्रहरीले आमाछोरीलाई पक्राउ गरेको छ ।

सिरहा नगरपालिका १८ जरुवा लक्ष्मिनियाँ टोलका रमेश यादवकी तीन वर्षीया छोरी रिया कुमारीको हत्या अभियोगमा छिमेकी ४७ वर्षिया सोनादेवी र उनकी छोरी पूजाकुमारी यादवलाई पक्राउ गरी सोमबार सार्वजनिक गरिएको प्रहरीले जनाएको छ ।

घटनामा संलग्न भएको आशंका गरिएका सोनादेवीका श्रीमान् धनिकलाल यादव भने फरार रहेका छन् ।

गत बुधबार बिहानदेखि हराइरहेकी रियाको शव खोजतलासका क्रममा दुई दिनपछि शुक्रबार राति छिमेकी धनिकलाल यादवको घरमा फेला परेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मुक्तिनाथ सापकोटाले जानकारी दिएका छन् ।

दुई परिवारबीच घरायसी झगडा हुँदै आएकाले सोही रिसइबीका कारण बालिकाको हत्या भएको हुनसक्ने प्रहरीको अनुमान छ ।

***पूर्वमन्त्री ...***

७५ वर्षको उमेरमा निधन भएकोमा नवौं दिनको तिथिमा उनले समवेदना व्यक्त गरेका हुन ।

पूर्व मन्त्री यादव उनको घरमै पुगि सम्वेदना प्रकट गर्दै शोक सन्तप्त परिवारप्रति श्रद्धाञ्जली व्यक्त गरे । सो अवसरमा प्रेस सेन्टरको केन्द्रिय सल्लाहकार तथा प्रेस कान्सिल नेपालका पूर्व सदस्य देवराम यादव लगायतकाहरुको उपस्थिति रहेको थियो ।

***धनुषामा पानीको ...***

स्रोत सुकेको बताउनुभयो । उहाँले विगत केही वर्षदेखि सुख्खायाम सुरु भएसँगै यस क्षेत्रमा पानीका स्रोत सुक्ने गरेको बताउँदै पानीको दीर्घकालीन उपायको खोजीमा जुट्न यस क्षेत्रबाट निर्वाचित स्थानीय जनप्रतिनिधि, प्रदेशसभा सदस्य र प्रतिनिधिसभा सदस्यलाई आग्रह गर्नुभयो ।

धनुषाको उत्तरी क्षेत्र क्षीरेश्वरनाथ, बटेश्वर, मिथिला, धनुषाधाम र गणेशमान चारनाथ नगरपालिकामा नदी, पानी खोल्सी, जरुवा, इनार र चापाकल लगायतका पानीका स्रोत सुक्न थालेपछि पानीको सङ्कट बढ्न थालेको स्थानीयको भनाइ छ ।

# तातो हावाको लहर अझै बढ्ने

काठमाडौं, १७ वैशाख (रासस) ।

विगत केही दिनदेखि देशका अधिकांश भू-भागको अधिकतम तथा न्यूनतम तापक्रम क्रमिकरुपमा वृद्धि भइरहेकाले तातो हावाको लहर अझै बढ्ने भएको छ ।

लुम्बिनी प्रदेशका तराई भू-भागका केही स्थानमा विगत केही दिनदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । यो क्रम वैशाख २० गतेसम्म जारी रहने मौसमविद्ले बताएका छन् ।

आगामी केही दिनसम्म देशभरको तापक्रमको अवस्थाको विश्लेषणअनुसार तराईका भू-भागमा अत्यधिक गर्मीको सम्भावना रहेको विभागले बुलेटिनमार्फत चेतावनीसहितको सूचना जारी गरेको छ ।

"तातो बढ्ने भएकाले आवश्यक तयारी गर्नुहुन तथा आवश्यक सतर्कता अपनाउनुहन अनुरोध छ", विभागले भनेको छ । महाशाखाका मौसमविद् रोजन लामिछानेले तातो बढेसँगै आगलागी, हावाहुरीलगायतका समस्या झन बढ्न सक्ने भएकाले सावधानी अपनाउनुपर्ने बताउनुभयो । उहाँका अनुसार यस वर्ष सबैभन्दा बढी ४३.६ डिग्री तापक्रम मापन भएको छ । भैरहवामा वैशाख आठ गते उक्त तापक्रम रेकर्ड भएको थियो ।

सूचनामा भनिएको छ, "तराईका ती भू-भागमा सोमबारदेखि यही वैशाख २० गतेसम्म तातो हावा तथा तातो लहरको सम्भावना रहेको हुनाले सोको असरबाट बच्न आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ । साथै पहाडी भू-भागका उपत्यका तथा खोचमा समेत तापक्रम क्रमिकरुपमा बढ्न सक्ने सम्भावना रहेकाले यस महाशाखाबाट जारी हुने सूचना तथा पूर्वानुमानमा अध्यावधिक रहनु हुन अनुरोध छ ।"

तातो हावा तथा तातो लहरबाट हुने सम्भावित असर जस्तै : थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशी दुख्ने, बान्ता आदि हुनसक्ने छ ।

तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, घाममा बढी नजाने, हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित (पटक-पटक) पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्त मात्रामा पिउन स्वास्थ्यकर्मीले अनुरोध गरेका छन् ।

यस्तै स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिन समेत भनिएको छ । महाशाखाले दैनिक जारी हुने मौसम पूर्वानुमान बुलेटिनमा समेत सोहीअनुसार नियमितरूपमा अद्यावधिक गरिने भएकाले अद्यावधिक मौसमी सूचनाको जानकारी लिन पनि अनुरोध गरेको छ ।


## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**बलान बिहुल गाउँपालिका, सप्तरी**

## गर्मीबाट बच्न निम्न सावधानी अपनाऔं

- प्रसस्त मात्रामा पानी खाऔं । साथमा पानीको बोतल राख्ने गरौं ।
- प्रचण्ड गर्मीमा घरबाहिर नजाऔं । जानै परे सुरक्षित भएर मात्र जाऔं ।
- गर्मीको समयमा पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- कागती पानी, नरिवल पानी, ताजा फलफुलको रस नियमित रुपमा सेवन गरौं ।
- हल्का रंगको सुतिको कपडा लगाऔं ।
- बालबालिकालाई १२ बजेदेखि ४ बजेसम्म सकेसम्म घरबाहिर निस्कन नदिऔं ।
- यदि बालबालिकालाई रिंगटा लागेमा, वान्ता भएमा, धेरै टाउको दुखेमा वा सास फेर्न अप्ठ्यारो भएमा तुरुन्त नजिकको अस्पताल वा स्वास्थ्य संस्था लैजाऔं ।
- बालबालिकालाई टाउको ढाकी राख्न लगाऔं, कपडा, टोपी, छाताको प्रयोग गरौं ।
- काँचै खाने फलफुल तथा अन्य कुराहरु राम्ररी धोइपखाली मात्र खाऔं ।
- गर्मीको कारण स्वास्थ्यमा कुनै समस्या देखापरे तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।
- गर्मीको समयमा झुलभित्र सुतौं । झ्याल ढोकामा जाली लगाऔं ।
- बासी, सडेगलेका तथा झिङ्गा भन्केका खानेकुरा नखाऔं ।
- खानेपानी सधैं छोपेर राखौं ।
- दिसापिसाब चर्पीमा मात्र गरौं ।
- घर वरिपरि सरसफाई गरी फोहरमैलाको उचित व्यवस्थापन गरौं ।
- गर्मीको बेला अत्यधिक चिसो पानी वा पेय पदार्थ नखाऔं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*